# गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम कार्यविधि, २०७७

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धनकुटा

१ नं. प्रदेश, नेपाल

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

# गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम कार्यविधि, २०७७

धनकुटा नगरपालिका, कार्यपालिका बैठकबाट
स्वीकृत मितिः २०७७/०९/०७

**प्रस्तावनाः** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तगत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम धनकुटा नगरपालिका भित्र रहेका आठपहरिया, दलित र विपन्न समुदायका परिवारहरुलाई गुणस्तरीय जीवनयापनको लागि सुरक्षित र वातावरणमैत्री आवास निर्माण गर्न जस्तापाता, व्यवस्थित बसोबासको लागि शौचालय, स्नानगृह र भान्साघर निर्माणको लागि आन्तरिक र बाह्य स्रोत व्यवस्थापन गरी सहयोग गर्ने उद्देश्यका साथ संचालन हुने आवास सुधार कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

धनकुटा नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम, कार्यविधि,२०७७" रहेको छ ।

(२) यो कार्यविधि धनकुटा नगरपालिका, कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संयोजक" भन्नाले सिफारिस समितिको संयोजक सम्झनुपर्छ ।

(ख) "विपन्न समुदाय" भन्नाले न्यूनतम आवश्यकताहरु गाँस, बास, कपासको समस्या रहेको र सो को व्यवस्था गर्न आर्थिक कठिनाई भएको धनकुटा नगरपालिका क्षेत्रभित्र बसोबास भएको परिवारलाई सम्झनुपर्छ ।

(ग) "आठपहरिया" भन्नाले नेपाल सरकारले अल्पसंख्यक जातिको रुपमा परिभाषित गरेको धनकुटा नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने आठपहरिया जाति सम्झनुपर्छ ।

(घ) "सिफारिस समिति" भन्नाले धनकुटा नगरपालिका क्षेत्रभित्रका आठपहरिया, दलित तथा विपन्न समुदायका अति गरिब परिवारहरुको पहिचान गरी लगत संकलन गर्ने तथा



धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

प्राथमिकता क्रम समेत तोकी प्रतिवेदन पेश गर्ने उद्देश्यले धनकुटा नगरपालिकामा गठन भएको सिफारिस समिति सम्झनुपर्छ ।

(ङ) "गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सुधार कार्यक्रम" भन्नाले धनकुटा नगरपालिका क्षेत्रभित्र रहेका आठपहरिया, दलित र विपन्न घरपरिवारलाई आवास (घर) मा जस्तापाता लगाउन तथा जीवनस्तर सुधार्नको लागि शौचालय, स्नानगृह तथा भान्साघर निर्माणको लागि अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(छ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम पहिचान गरिएका ब्यक्ति वा परिवालाई सम्झनुपर्छ ।

(ज) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले सिफारिस समितिको सदस्य सम्झनुपर्छ ।

(ञ) "अनुगमन समिति" भन्नाले धनकुटा नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गठन भएको समिति सम्झनुपर्छ ।

## परिच्छेद २

## लक्षित वर्ग पहिचान र छनौटको आधार

**३. लक्षित वर्गको पहिचानः** (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिनेछ ।

(क) धनकुटा नगरपालिका क्षेत्रमा बस्ने आठपहरिया, दलित र विपन्न घरपरिवार,

(ख) विगत देखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ग) लाभग्राही बसोबास गर्दै आएको घरको छाना खर, पराल, स्याउला वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सजिलै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,

(घ) गुणस्तरीय जीवनस्तरका लागि सुधारिएको भान्सा, शौचालय तथा स्नानगृह बनाउन चाहेको विपन्न घरपरिवार,

(ङ) सार्वजनिक महत्व राख्ने गैरनाफामुलक संघसंस्था, कृषि तथा पशुपंक्षि फर्म, टोल समूह भवन तथा कार्यालयहरु

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

**४. लाभग्राही छनौटको आधार तथा विधि:** (१) नगर कार्यपालिका बैठकबाट लाभग्राही छनौट गर्न तोकिएको सम्बन्धित वडा कार्यालयबाट अनुसूची -१ बमोजिमको सूचना प्रकाशित गरी कार्यक्रमबाट लाभान्वित हुन सक्ने लाभग्राहीहरुलाई अनुसूची -२ बमोजिमको निवेदन पेश गर्न लगाई नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा लाभग्राही छनौटको प्रयोजनार्थ कार्यपालिका बैठकले गठन गरेको सिफारिस समितिका पदाधिकारीहरुले प्राविधिक कर्मचारी सहित स्थलगत निरिक्षण गरी अनुसूची -३ बमोजिमको लाभग्राही लगत संकलन फाराम भरी प्राथमिकता क्रम समेत तोकेर लाभग्राहीको सूची नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमूलीलाई पहिलो प्राथमिकता दिइनेछ। त्यसै गरी प्रकोपका कारण घरवारविहीन भएका, भविष्यमा उक्त स्थानमा बसोबास गर्दा जोखिममा रहेका र गरिवीको कारण न्यूनतम जीवनस्तर कायम गर्न नसकेका परिवारलाई समेत प्राथमिकता दिइनेछ ।

(४) कार्यपालिका बैठकले सिफारिस समितिबाट पहिचान भई आएका लाभग्राहीको सूचीवाट प्राथमिकताक्रमको आधारमा निर्णय गरी छनौट गर्नेछ ।

(५) उपदफा (४) बमोजिम लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान पाउने गरी छनौट गर्नुपर्नेछ ।

## परिच्छेद ३

## अनुदान रकम तथा निर्माण सामग्री

**५. रकम उपलब्ध गराउने:** (१) कार्यालयले लाभग्राहीलाई गुणस्तरीय आवास निर्माण गर्न लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ ।

(२) रकम प्राप्त गर्ने लाभग्राहीले कार्यालयले सिफारिस गरेको बैंकमा खाता खोल्नुपर्नेछ ।

(३) लाभग्राहीलाई रकम उपलब्ध गराउने सम्बन्धमा कार्यालय र लाभग्राही वीच अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमका लाभग्राहीहरुलाई कार्यालयले अनुसूची-५ बमोजिमको अनुदान रकम उपलब्ध गराउनेछ ।

(५) कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राही बीच भएको सम्झौता बमोजिम कार्यालयले रकम प्राप्त गर्ने लाभग्राहीलाई पहिलो किस्ता वापत स्वीकृत रकमको साठी प्रतिशत र कार्य सम्पन्न



प्रमुख प्रशासकीय अधिकृत

भएको प्राविधिक प्रतिवेदन, बिल भरपाई तथा अनुगमन प्रतिवेदन प्राप्त भएको मितिले तीस दिनभित्रमा बाँकी रकम बैंक खाता मार्फत उपलब्ध गराउने छ ।

**६. निर्माण सम्पन्न भएको मानिने:** लाभग्राहीले आवास निर्माण सम्पन्न गरिसकेपछि कार्यालयबाट तोकिएको प्राविधिक कर्मचारी वा अनुगमन समितिले कार्यसम्पन्न प्रतिवेदन कार्यालयमा पेश गरिसकेपछि निर्माण सम्पन्न भएको मानिनेछ ।

**७. लागत सहभागिता योगदान र ब्यवस्थापन:** (१) लाभग्राहीले कुल अनुदानको कम्तिमा दश प्रतिशत रकम लागत सहभागिता वापत ब्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्री जुनसुकै हुन सक्नेछ ।

**८. निर्माण सामग्री उपलब्ध गराउने:** (१) गुणस्तरीय आवास निर्माणको लागि आवश्यक पर्ने जस्तापाता कार्यालयले खरिद गरी लाभग्राहीलाई उपलब्ध गराउन सक्नेछ । अन्य निर्माण सामग्रीहरु काठ, मगरा, काँटी, हुक, सिमेन्ट आदि लाभग्राही आफैले खरिद गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले लाभग्राहीलाई एकमुष्ट जस्तापाता उपलब्ध गराउनु पर्ने भएमा मात्र खरिद गर्नेछ । अन्य अवस्थामा कार्यालयले लाभग्राहीलाई सोझै रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) लाभग्राहीले भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी आवास निर्माण गर्नुपर्नेछ ।

(४) निर्माण सामग्री परिवर्तन गर्दा थप रकम आवश्यक पर्ने भएमा सम्बन्धित लाभग्राहीले नै ब्यहोर्नु पर्नेछ ।

## परिच्छेद ४

## समिति सम्बन्धी ब्यवस्था

**९. लगत संकलन तथा सिफारिस समिति:** कार्यक्रम कार्यान्वयनको लागि कार्यपालिका बैठक मार्फत देहाय बमोजिमको एक आवास सुधार सहयोग सिफारिस समिति गठन गर्नेछः-

(क) प्रमुखले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) प्रमुखले तोकेको एक महिला सहित दुई जना कार्यपालिका सदस्य -सदस्य

(ग) कार्यपालिका बैठकले तोकेको कार्यालयको शाखा प्रमुख - सदस्य

(घ) पूर्वाधार विकास शाखाको शाखा प्रमुख - सदस्य सचिव



धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

**१०. आवास सुधार सहयोग सिफारिस समितिको काम, कर्तब्य र अधिकार:** आवास सुधार सहयोग सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, बजेट तर्जुमा तथा नगर क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गरी निर्णयार्थ कार्यपालिका बैठकमा पेश गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका लागि प्राप्त निवेदनको आधारमा लाभग्राहीको लगत संकलन गर्ने, प्राथमिकता क्रम निर्धारण गरी सिफारिस साथ कार्यपालिका बैठकमा पेश गर्ने,

(ग) कार्यपालिका बैठकबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन सँग सम्बन्धित निकायहरुबीच समन्वयन गर्ने,

(छ) ज्येष्ठ नागरिक, एकल महिला, अनाथ बालबालिका र अपाङ्गता भएका लाभग्राहीले ब्यहोर्नु पर्ने लागत सहभागिता रकम आवास सुधार सहयोग सिफारिस समितिको सिफारिसका आधारमा कार्यपालिका बैठकले निर्णय गरी छुट दिन सक्ने ।

**११.बैठक सम्बन्धि ब्यवस्था:** (१) आवास सुधार सहयोग सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आवास सुधार सहयोग सिफारिस समितिले आवश्यकता अनुसार बैठकमा निर्वाचित पदाधिकारी, कर्मचारी, बिज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**१२. सेवा सुविधा:** (१) आवास सुधार सहयोग सिफारिस समितिका पदाधिकारीहरुलाई लगत संकलन गर्न स्थलगत रुपमा खटिएको दैनिक प्रतिवेदनको आधारमा कार्यालयले कार्यक्रम कार्यान्वयन पश्चात बैठक भत्ता, खाजा तथा यातायात खर्च एकमुष्ट उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको दैनिक प्रतिवेदन समितिका संयोजकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

**१३. फरफारक हुने:** कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण कार्यको मूल्यांकन गरी सोको खर्च फरफारक गरिनेछ ।

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

**१४. कारबाही हुने:** आवास सुधार सहयोग कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठा विवरण पेश गरेमा वा त्यस्तो ब्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**१५. दोहोरो आवास सुविधा नपाउने:** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट यसअघि आवास सुविधा प्राप्त गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिम यस्ता कुनै सुविधा पाउने छैन ।

**१६. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका बिषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको बिषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. असुल उपर गरिने:** आवास निर्माण गर्न रकम लिएपछि आवास निर्माण नगरेमा उक्त रकम सरकारी नियम अनुसार असुल गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची –१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**धनकुटा नगरपालिका**

**.......... नं. वडा कार्यालय, धनकुटा ।**

सूचना ! सूचना !! सूचना !!!

मिति : ........ /...../........

धनकुटा नगरपालिकाको मितिः.................... को निर्णयानुसार धनकुटा नगरपालिका क्षेत्रभित्रका गरिबीको रेखामुनि रहेका, प्रकोपको कारण घरबार बिहिन भएका, विपन्न घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र गुणस्तरीय जीवनस्तरको लागि विपन्न परिवारहरुलाई भान्सा तथा स्नानगृह निर्माण गर्न अनुदान दिनको लागि "गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम" सञ्चालन गरिने भएकोले यस वडा कार्यालय क्षेत्रभित्र उपरोक्त अनुसारका घरधनीहरुले यस कार्यालयबाट आवेदन फाराम प्राप्त गरी आवश्यक विवरण भरी ३० (तीस) दिन भित्र वडा कार्यालयमा बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै म्याद समाप्त भए पछि प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारबाही नहुने ब्यहोरा समेत अनुरोध छ ।

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

वडा अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची –२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## लाभग्राहीले दिने निवेदनको नमुना

मिति:........ /......../......

श्री ......... नं. वडा कार्यालय,

धनकुटा नगरपालिका ।

**बिषयः आवास सुधार सहयोग कार्यक्रममा समावेश गरिदिने सम्बन्धमा ।**

उपरोक्त बिषयमा गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम अन्तर्गत वडा कार्यालयको मिति: ............. मा प्रकाशित सूचना अनुसार लक्षित वर्ग एवं लाभग्राही छनौटका आधारहरु भित्र मेरो घरपरिवार पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने/ भान्साघर/ स्नानगृह निर्माणको लागि आवश्यक ब्यवस्था मिलाइदिनु हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझौंला।

तपशिल:

| क्र.सं | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि। | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छानापराल/खर/स्याउलाआदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुनसक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। | छ ☐ /छैन ☐ |
| ५ | विगतदेखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि। | छ ☐ /छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि। | छ ☐ /छैन ☐ |

**निवेदकको:**

सही: ..............................................................................

नाम थर :..............................................................................

बुवा/पति/पत्नीको नाम:...........................................................

बाजे/ससुराको नाम:.................................................................

सम्पर्क मोवाईल नं.: ...............................................................

टोलबस्तिको नाम:...................................................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |



प्रमुख प्रशासकीय अधिकृत

अनुसूची–३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

धनकुटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धनकुटा

## गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम

## लाभग्राही लगत संकलन फारम

| व्यक्तिगत विवरण |
|---|
| नाम, थर ............................................................ <br> बाबु/पतिको नाम, थर::.............................................. <br> वडा नं............गाँउ/टोल:........................... |

क. लाभग्राहीको परिवारको संख्या :

ख. निवेदकसंग तपशिल बमोजिमको कुन प्रमाण छ, सोमा चिन्ह लागाउने।

| क्र.सं | तपशिल | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुनसक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि। | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि। | छ ☐/छैन ☐ |
| ४ | जग्गाधनी प्रमाणपूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि। | छ ☐/छैन ☐ |
| ५ | विगतदेखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि। | छ ☐/छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा वडा कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि। | छ ☐/छैन ☐ |

**१. हाल उपभोग/बसोवास गरिरहेको घरको विवरण:**

क. निवेदकले प्रयोग गरिरहेको घरको संख्या:

ख. घरको लम्वाई.............. घरको चौडाई ............घरको क्षेत्रफल ............. वर्गफिट

ग. आवश्यक जस्तापाता संख्या: .............. .............. ..............

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

घ. लाभग्राहीले स्नानगृह वा भान्साघर निर्माण गर्न चाहेको हो भने सो को लागि लाग्ने कूल खर्च रकम रु. ..............................

**२. घरको गारो/पर्खालको किसिम (५० प्रतिशत सम्ममा जे छ त्यसैलाई मान्ने) :**

क. बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी ☐

ख. नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी ☐

ग. मिलेको ढुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टको जोर्नी ☐

**३. घरको छानाको किसिम:**

क. फुस, स्याउला, प्लाष्टिक सिट आदि ☐

ख. खपडा, टायल ☐

ग. ढलान, कर्कटपाता ☐

**४. जग्गाको स्वामित्व:**

क. लालपुर्जा भएको वा गाँउब्लक (स्वामित्व पाउन सकिने) वा स्वबासी र विवाद रहित जग्गा ☐

ख. नदी/खोला किनारमा बसोवास गरीरहेको ☐

**५. घरमूलीको हकमा:**

क. अतिविपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही भएका ☐

ख. अन्य ☐

**(माथी उल्लेखित सम्पूर्ण विवरण एवं जानकारीहरु साँचो हुन, उक्त विवरण म आफै राजिखुसी साथ यथार्थ रुपमा कुनै दवाव विना दिएको हुँ। यसमा झठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यस सर्वेक्षण फारम सहि गर्ने।)**

**लाभग्राहीको:**

सही: ..................................................

नाम थर :............................................

सम्पर्क नं.: ................................

| लाभग्राहीको औंठाछाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**लगत संकलन गर्नेको:**

सही: ...............................................

नाम थर :.........................................

पद : ..............................................

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची –४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**धनकुटा नगर कार्यपालिकाको कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राहीबीच गुणस्तरीय जिवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम सञ्चालनको लागि गरिएको सम्झौता पत्र**

१. सम्झौता गर्ने पक्षहरुः धनकुटा नगरपालिका र श्री ....................................................

२. कार्यक्रम सञ्चालन हुने स्थानः धनकुटा नगरपालिका वडा नं. ............... टोलः ...............

३. उद्देश्यः जस्तापाता लगाउने/ भान्सा घर निर्माण गर्ने/ स्नानगृह निर्माण गर्ने

४. कुल लागतः ........................................ (लाभग्राहीको सहभागिता वापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्यः

(क) शुरु हुने मितिः..................................................

(ख) पूरा हुने मितिः..................................................

६. खर्च ब्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट ब्योहोरिने

(१) नगद रुपैंयाः..................................................

(२) निर्माण सामग्रीः..................................................

(ख) लाभग्राहीको तर्फबाट

(१) नगद रुपैंया ..................................................

(२) निर्माण सामग्री (मूल्यमा) ..................................

(३) श्रम (मूल्यमा) ..................................................

(४) कूल रकमः ..................................................

कार्यालयको तर्फबाट

हस्ताक्षरः...............

नाम थरः...............

पदः प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा

लाभग्राहीको तर्फबाट

हस्ताक्षरः...............

नाम थरः ...............

ठेगानाः ...............

मितिः ...............



प्रमुख प्रशासकीय अधिकृत

अनुसूची –५

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

## गुणस्तरीय जीवनस्तरका लागि आवास सुधार सहयोग कार्यक्रम अन्तर्गत आवास निर्माणको लागि उपलब्ध गराउने अनुदान रकम

| सि.नं. | विवरण | प्रति आवास इकाई निर्माणको लागि उपलब्ध हुने अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | भइरहेको फुसको छाना हटाई जस्तापाता खरिद गर्न प्राविधिक मूल्यांकन अनुसार | बढीमा रु. ६०,०००।- सम्म | |
| २ | गुणस्तरीय जीवनस्तरको लागि विपन्न परिवारले आधुनिक भान्साघर/शौचालय तथा स्नानघर निर्माणको लागि प्राविधिक मूल्यांकन अनुसार | बढीमा रु. ५०,०००।- सम्म | |

प्रमुख प्रशासकीय अधिकृत